**मिति २०८२/०६/०९ गतेको गाउँ कार्यपालिकाको तेस्रो बैठकमा पेश भएका प्रस्तावहरु**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | |
| २. | शोक तथा स्वास्थ्य लाभको कामना समबन्धमा । | |
| ३. | नेपाल सरकार, विशेष अनुदान तर्फ कृषिमा आधुनिककीरकण र व्यवसायीकरण कार्यक्रमका क्रियाकलाप स्वीकृत सम्बन्धमा । | |
| ४. | गाउँ शिक्षा समिति सदस्य मनोनित सम्बन्धमा । | |
| ५. | नागरिक आरोग्य सेवा केन्द्र बजेट बाँडफाँड सम्बन्धमा । | |
| ६. | श्रम रोजगार बैङ्कका कर्मचारी/प्रस्ताव सम्बन्धमा । | |
| ७. | सोसेक दैलेखसँग साझेदारी सम्बन्धमा । | |
| ८. | आधारभूत अस्पतालको विद्युत पोल सार्ने बजेट व्यवस्था सम्बन्धमा । | |
| ९. | गाउँपालिका प्रशासकीय भवनमा कोठा पार्टेशन गर्न बजेट व्यवस्था सम्बन्धमा । | |
| १०. | विद्युतीय हाजिरी डिभाइस खरिदको लागि बजेट सम्बन्धमा । | |
| ११. | खेलकूद समिति बजेट थप । | |
| १२. | सर्वोच्च अदालतको लागि कानूनी व्यवसायी तोक्ने सम्बन्धमा । | |
| १३. | कृषि/पशु प्राविधिक फिल्ड भत्ता । | |
| १४. | आर्थिक सहायता सम्बन्धमा । | |
| १५. | आधारभूत तथा निःशुल्क औषधी खरिदको लागि थप बजेट व्यवस्थापन सम्बन्धमा । | |

**मिति २०८२/०६/०९ गतेको गाउँ कार्यपालिकाको तेस्रो बैठकबाट भएकानिर्णयहरुः**

१. यस कार्यपालिकाबाट अघिल्ला बैठककमा भएका निर्णयहरुको कार्यान्वयन समिक्षा गरियो ।

२. मिति २०८२/०५/२३ र २४ गते देशभर भएको जेनजी आन्दोलनको क्रममा सहादत प्राप्त गर्नुहुने सहिदहरुप्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्ने र घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने।

३. यस गाउँपालिकाको लागि चालु आ.व. २०८२/०८३ मा नेपाल सरकार, विशेष अनुदान अन्तर्गत कृषिमा आधुनिकीकरण र व्यवसायीकरण कार्यक्रममा क्रियाकलाप स्वीकृत गर्ने ।

४. यस गाउँपालिका अन्तर्गत गाउँ शिक्षा समितिका सदस्य अर्को बैठकबाट मनोनित गर्ने ।

५. यस गाउँपालिकाको लागि चालु आ.व. २०८२/०८३ मा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नागरिक आरोग्य सेवा कार्यक्रम क्रियाकलाप देहाय बमोजिम स्वीकृत गर्ने ।

| क्र.सं. | क्रियाकलाप | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|
| १. | नागरिक आरोग्य अभियान सञ्चालन | १,००,०००। | |

| क.सं. | क्रियाकलाप | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|
| २. | स्तनपायी आमा शिशु कार्यक्रम | १,००,०००। | |
| ३. | जेष्ठ नागरिक सेवा कार्यक्रम | १,००,०००। | |

६. यस भगवतीमाई गाउँपालिका अन्तर्गत श्रम रोजगार बैङ्क कार्यक्रमको लागि आवश्यक जनशक्ति कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ७ उपदफा (१०) बमोजिम देहाय जनशक्ति प्रस्ताव गर्ने र करार नियक्ति गर्ने ।

<u>तपशिल</u>

| क.सं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १. | संयोजक | १ | सहायक पाँचौ सरह |
| २. | मुख्य व्यवस्थापक | १ | सहायक चौथो सरह |

७. यस भगवतीमाई गाउँपालिका दैलेख र सोसेक दैलेखबीच वर्ल्ड भिजन ईन्टरनेशनल कार्यक्रम सञ्चालनको लागि रु. ८,००,०००। साझेदारी गर्ने ।

८. यस गाउँपालिका अन्तर्गत तपशिल कार्य तत्काल गर्न आवश्यक भएको हुँदा देहाय बमोजिम बजेट सुनिश्चितता गर्ने ।

| क.सं. | कार्यक्रमको नाम | अनुमानित बजेट | स्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | भगवतीमाई आधारभूत अस्पताल विद्युत पोल सार्ने कार्य | १,८४,०००.०० | आधारभूत अस्पताल पूर्वाधार निर्माण कार्यको कन्टेन्जेन्सी खर्च | |
| २. | गाउँपालिका प्रशासकीय भवनमा कोठा पार्टेशन कार्य | ३,३७,०००.०० | | |
| ३. | ई-हाजिरी डिभाइस खरिद | २,५०,०००.०० | | |
| ४. | खेलकुद कार्यक्रमको बजेट थप | ६,५०,०००.०० | आगामी बैठकबाट गर्ने | |

९. श्री राजेन्द्र प्रसाद अधिकारीसमेत निवेदक भई श्री नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत (भगवतीमाई गाउँपालिका, दैलेख समेत) विपक्षी रहेको उत्प्रेषण सम्बन्धी रिट निवेदन ०८२-WO-०२०७ को लागि यस कार्यालयको प्रतिनिधिको रुपमा अधिवक्ता श्री ........................................................ लाई तोक्ने ।

१०. यस कार्यालय अन्तर्गत कृषि र पशु प्राविधिकको लागि फिल्ड भत्ता सम्बन्धमा आगामी बैठकमा छलफल तथा निर्णय गर्ने ।

११. यस भगवतीमाई गाउँपालिकाका देहायका व्यक्तिहरुले आर्थिक सहायताका लागि निवेदन पेस गरेकाले तपसिल बमोजिमको रकम आर्थिक सहायता बापत उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिलः**

| क्र. सं. | नामथर | ठेगाना | आर्थिक सहायता दिनुपर्ने कारण | आर्थिक सहायताको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | मान बहादुर मिजार | वडा नं. २ बेस्तडा | Disease of Blood Vessels रोगले ग्रसित भई बायाँ खुट्टा काटी उपचारत रहेको। | २०,०००।- (बीस हजार मात्र) | |
| २. | प्रेम प्रसाद शर्मा | वडा नं. ५ | ट्याक्टर दुर्घटनामा परेको। | २०,०००।- (बीस हजार मात्र) | |
| ३. | भक्त बहादुर वि.क. | वडा नं. ५ | पत्थरी भई अप्रेसन गर्नु परेको। | १०,०००।- (दश हजार मात्र) | |

१२. यस कार्यालय अन्तर्गत रहेका आधारभूत अस्पताल र स्वास्थ्य संस्थाको लागि आवश्यक आधारभूत र निःशुल्क औषधी खरिद गर्न बजेट रु. २२,६७,०००। विनियोजित भएकोमा चालु आ.व. २०८२/०८३ मा अत्यावश्यक औषधी खरिद गर्न ४८,९४,५८९।६९ लागत अनुमान पेश भएको हुँदा अपुग रकम २६,२७,५८९।६९ यस कार्यपालिकाबाट चालु आ.व. २०८२/०८३ मा नै सुनिश्चितता गर्ने हुँदा हाललाई ठेक्का प्रक्रिया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

**भिन्न मत**

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |